सन्दर्भः सन्त सत्संग

# प्यासको प्रत्युत्तर

**- स्वामी आनन्द अरुण**

नेपालमा अवस्थित अनेक प्रसिद्ध बुद्धक्षेत्र मध्ये जनकपुर प्रख्यात एक क्षेत्र हो ।

कुनै समय यो मिथिला संस्कृतिको केन्द्र र मिथिला राज्यको राजधानी पनि थियो । रामायण कालमा स्वयम् भगवान् राम धनुष यज्ञमा आएका थिए, फलतः ४ राजकुमारीको विवाह दशरथका चार छोराहरूसँग भएको थियो । शिरध्वज जनक राजा भएको त्यसकाल खण्डमा जनकपुरको प्रसिद्धीले शिखर छोएको थियो । त्यहाँ याज्ञवल्क्य, विश्वमित्र, वाल्मिकी, अष्टावक्र, लोमस इत्यादि ऋषिका आश्रमको उल्लेख भेटिन्छ । भनिन्छ, त्यस समय मिथिलामा राजनर्तकी र नगरवधुहरू मध्ये पनि ब्रह्मज्ञानीहरू भेटिन्थे । श्रीमद्भागवतम्मा मिथिलीकी एक नगरवधु पिंगलाको आत्मग्लानी र प्रार्थनाले भरिएको प्रसिद्ध श्लोक छ, जसमा उ भन्छे, ‘यो विदेह नगरीमा म एक्लै यस्ती मुर्ख छु, जो अविनाशी परम पुरुष परमात्मालाई छोडेर अनेक पुरुषको अभिलाषा गर्छु ।’

पारिवारिक अनुष्ठानको सिलसिलामा म जनकपुर गएका बेला मैले त्यहाँ एक अद्‌भूत सन्तको दर्शन पाएको थिएँ । त्यस बेला म त्रिचन्द्र कलेजमा बिएस्सीको विद्यार्थी थिएँ । त्यो बेलामा मैले आफ्ना गुरु ओशोलाई भेट्ने सौभाग्य पाएको थिइनँ । तर भारतका अनेक गुरुहरूको दर्शन र उनीहरूबाट दीक्षा लिइसकेको थिए । अनेक ढंगले साधना गर्ने प्रयास गरेपनि ध्यान जमिरहेको थिएन । मलाई एक मार्गदर्शकको खुब खाँचो थियो । म परमात्मालाई निरन्तर पुकार गर्थे - ‘प्रभु, मलाई साधनामा बाटो देखाउने पथप्रदर्शक पठाइदेउ ।’

एक दिन एकाबिहानै घरको प्रवेशद्वारमा एक गौर वर्णका जोगी भिक्षाका लागि केही नबोली खडा देखिए । बानी अनुसार म घर भित्र गई एउटा रुमालमा दक्षिणा स्वरूप अलिकति चामल लिएर आए र उनलाई त्यो चामल दिएँ । जोगी मौनी रहेछन, उनले स्लेटमा सुन्दर अक्षरले शुद्ध हिन्दीमा लेखेर देखाए, ‘मसँग अन्न राख्ने केही छैन, त्यसकारण पैसै पाए बेश हुन्थ्यो ।’ त्यस बेला नेपालको तराईमा भारतीय सिक्का कै चलन थियो । मेरो खल्तीमा भएको चारआनाको सिक्का मैले उनलाई दिए जो उनले स्विकार गरे । जोगीलाई दिन निकालेको सिदा फेरि घर भित्र्याउनु हुन्न भनी चामल राम्रोसँग रूमालमा बाँधेर ‘लिएर जानुस् काम आउँछ’ भन्दै उनलाई दिए । त्यो पनि उनले स्विकार गरे । हामी बीच कुनै संवाद भएन । उनी फर्किएर हिंडन लागेका थिए तर फनक्क म तिर फर्के र स्लेटमा सुन्दर अंग्रेजीमा लेखेर देखाए, ‘तिमी के साधना गर्छौ ?’ जोगीले अनायस यति राम्रो अंग्रजी लखेकोमा मलाई आश्चर्य भयो । अप्ठ्यारो लागेर मैले कुनैपनि साधना गर्दिन भनिदिएँ । तर उनले स्लेटमा पुनः लेखे - ‘तिम्रो शरीरको तरंगले त तिमी साधनाको प्रयासमा छौ भनिरहेको छ ।’ म अक्क न वक्क थिए साथै आश्चर्यचकित र लज्जित पनि । मैले आफ्नो समस्या भन्नै पर्‍यो, ‘मेरो

साधना ठीकसँग चलिरहेको छैन । अनेक ठाउँबाट नानाकुरा सिके पनि म कुनै मार्ग पकडेर राम्रोसँग साधना गर्न पाइरहेको छैन ।' उनले फेरी स्लेटमा लेखे, 'मैले तिमीलाई केही मद्दत गर्न सक्छु भने मद्दत गर्न तयार छु ।' यो कुरा सुनेर मैले उनलाई सम्मानका साथ घर भित्र लगें, आरामले बसाले र विनम्रतापूर्वक आफ्ना जिज्ञासाहरू राख्न थालें जसको उत्तर उनले बडो विशिष्ट बौद्धिकताले सुन्दर हिन्दी र अंग्रेजीमा स्लेटमा लेखेर दिन थाले । केही बेरमा भोजनको समय भयो र मैले उनलाई 'भोजनका लागि के व्यवस्था गरूँ' भनी सोधे । उनले 'मासामासु नखाने नत्र घरमा जे पाकेको छ त्यही  ठीक छ' भने । सँगै भोजन गर्ने चलन भएकाले सारा परिवार भान्छामा भेला भए । परिवारमा अरु सबै व्यक्ति राजनिति रुचिका भएकोले जोगीले पनि स्लेटमा लेखेर यसै चर्चामा सकृय भाग लिए । उनको राजनिति विषयको गहन ज्ञान देखेर हामी सबै छक्क पऱ्यौ । भोजन पश्चात् मैले उनलाई आफ्नो कोठामा लिएर गएँ र हाम्रो सत्संग अगाडि बढ्यो जसमा उनले अरविन्दको पूर्णयोग देखि लिएर स्वामी विवेकानन्दको कर्म र ज्ञानयोग, रमण महर्षिको मौन सबैका बारेमा मलाई दुर्लभ कुराहरू बताए । यी जोगीको ज्ञानको अथाह गहिराई देखेर म झन आश्चर्यचकित हुँदैगएँ । कुरा गर्दागर्दै कतिखेर अँध्यारो भयो पत्तै पाइएन । घरका मानिसहरू जोगीको पछाडि लाग्ने मेरो बानीदेखि त परिचित थिए नै, तर बिहानदेखि बेलुकासम्म जोगीसत्संगले उनीहरू दिक्क भएछन । यो अवस्था थाहा पाएर जोगीले आफै 'तिमीलाई मेरो धेरै आर्शिवाद छ अब म जान्छु' भनी स्लेटमा लेखेर उनी हिंड्न लागे । दिनभरको उनको प्रेमपूर्ण सान्निध्यले मभित्र उनीप्रति श्रद्धा र भक्तिको उदय भइसकेको रहेछ र उनले जाने कुरा गर्न साथ मेरो आँखा रसाए । उनले मेरो भाव बुझी, 'तिमी उदास नहोउ, भोलि बिहान म फेरी आउँछु ।' भनी हिंडे । उनको उपस्थितिले उनीप्रति अनायस उम्रेको प्रेमले वियोगको रूप लियो र त्यो रात काट्न मलाई गाऱ्हो भयो । बिहानी भयो जोगी पनि आइपुगे । सामान्य जलपानपछि हामी सत्संगमा बस्यौं । मेरो मनमा उठेका अनेक आध्यात्मिक र साधनासम्बधि व्यवहारिक कठिनाईहरू उनका सामु मैले राखे । उनका उत्तरहरूले उनीप्रति मेरो श्रद्धा गहिरिदै गयो । उनीसँग साधनाको अनुभव र त्यसबाट निश्रित ज्ञानको अथाह भण्डार थियो । उनका बारेमा मेरो प्रश्नको उत्तरमा उनले लेखे, 'संन्यासपूर्व उनी दक्षिणभारतमा कहीं प्रध्यापन कार्य गर्थे र वैराग्य भाव जागेपछि सबै छोडि परिब्राजक संन्यासी भए । शुरुमा उनले १२ वर्षको मौनको संकल्प लिएका थिए । १२ पुरा भएपछिपनि बोल्ने प्रवृति भएन र कतैकतै स्लेट मै लेखेर कुरा गर्थे । यत्ति कै भोजनको समय भयो परिवारका सबै सदस्यका बीच उनले जयप्रकाश, विनोवा, लोहियाको समाजवादको लेखेरै सुन्दर र संक्षिप्त विश्लेषण गरे । उनको ज्ञानदेखी सबै प्रभावित त थिए तर उनीप्रति यत्रौ लगाव परिवारलाई राम्रो लागिरहेको थिएन । म पनि उनकै पछि लागेर घर छोडेर हिड्ने हुँ कि भन्ने कुराले उनीहरू पिरोलिरहेका थिए र अति सशंकित थिए ।

मलाई उनले सानो मन्त्र र राजयोग साधनाको सुन्दर विधि दिए । मैले उनलाई मेरो गुरु बन्नुस् र मलाई दीक्षा दिनुस् भनी आग्रह गरे । उनले मेरो आग्रह अस्विकार भने, 'म तिम्रो गुरु होइन, उचित समय आएपछि तिमीले आफ्नो गुरु भेट्टाउछौ । म त सिलिगुडीमा एक

योग स्कुलको उद्‌घाटन कार्यक्रममा आएको थिएँ। त्यहाँ तिम्रो प्रयास, पुकार र प्रार्थना मैले सुनें। तिमीलाई मद्दत गर्न मात्र त्यहाँबाट जनकपुर आएको हुँ। तिम्रो जिज्ञासा र अभिप्सा देखि म प्रसन्न छु। तिम्रो यही प्यासले उचित समयमा तिम्रो सद्‌गुरुसँग भेट गराइदिनेछ।' त्यसको ३ वर्षपछि मैले ओशोको दर्शन पाएँ।

osho@tapoban.com